# बुढानीलकण्ठ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

हात्तीगौंडा, काठमाडौं, बागमती प्रदेश, नेपाल
फोन नं.: ०१-४३७२७२५
Email: info@budhanilkanthamun.gov.np, Website: www.budhanilkanthamun.gov.np

# शैक्षिक कार्यपात्रो २०८३


Tel.: +977-1-4372725
Email: edu.budhanilkantha2076@gmail.com


'मेरो देश, मेरो जिम्मेवारी कार्यक्रम' अन्तर्गत विद्यार्थी अभिमुखिकरण कार्यक्रम


'मेरो देश, मेरो जिम्मेवारी कार्यक्रम' अन्तर्गत विद्यार्थी अभिमुखिकरण कार्यक्रम

**नव वर्ष २०८३ को पावन अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, अभिभावक तथा समस्त शिक्षाप्रेमी महानुभावहरूमा हार्दिक मङ्गलमय शुभकामना**





एस.ई.ई. तयारीका लागि काठमाडौंमा रहेका डोल्पाका विद्यार्थीसँग सहकार्यको एक झलक

## वैशाख २०८३

नेपाल संवत् ११४६
चौलागा/वछलाथ्व/वछलागा

April-May 2026

| आइतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | बिहीबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| विवाह मुहूर्त : ७, ८, २२, २३, २४, २५, ३० र ३१ गते । अन्नप्राशन मुहूर्त : ७, १० र २१ गते । | | नयाँ वर्ष द्वादशी १ 14 | त्रयोदशी २ 15 | चतुर्दशी ३ 16 | आमाको मुख हेर्ने दिन औंशी ४ 17 | प्रतिपदा ५ 18 |
| द्वितीया ६ 19 | अक्षयतृतीया तृतीया ७ 20 | चतुर्थी ८ 21 | पञ्चमी/षष्ठी ९ 22 | सप्तमी १० 23 | लोकतन्त्र दिवस अष्टमी ११ 24 | नवमी १२ 25 |
| दशमी १३ 26 | एकादशी १४ 27 | द्वादशी १५ 28 | त्रयोदशी १६ 29 | चतुर्दशी १७ 30 | मजदुर दिवस पूर्णिमा १८ बुद्ध जयन्ती 1 | प्रतिपदा १९ 2 |
| द्वितीया २० 3 | तृतीया २१ 4 | चतुर्थी २२ 5 | चतुर्थी २३ 6 | पञ्चमी २४ 7 | विश्व रेडक्रस दिवस षष्ठी २५ 8 | कानून दिवस सप्तमी २६ 9 |
| अष्टमी २७ 10 | नवमी २८ 11 | दशमी २९ 12 | एकादशी ३० 13 | द्वादशी ३१ 14 | व्रतबन्ध मुहूर्त : २०, २१ र २३ गते । | |

## जेठ २०८३

नेपाल संवत् ११४६
वछलागा/अनलाथ्व:/अनलागा

May-June 2026

| आइतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | बिहीबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| विश्व रक्तदाता दिवस चतुर्दशी ३१ 14 | अन्नप्राशन मुहूर्त : ४, ७ र २२ गते । | | | | त्रयोदशी/चतुर्दशी १ 15 | औंशी २ 16 |
| प्रतिपदा ३ 17 | द्वितीया ४ 18 | तृतीया ५ 19 | चतुर्थी ६ 20 | पञ्चमी ७ 21 | षष्ठी ८ 22 | सप्तमी ९ 23 |
| अष्टमी १० 24 | नवमी ११ 25 | दशमी १२ 26 | एकादशी १३ 27 | द्वादशी १४ 28 | गणतन्त्र दिवस त्रयोदशी १५ 29 | चतुर्दशी १६ 30 |
| विश्व धुम्रपानरहित दिवस पूर्णिमा १७ 31 | प्रतिपदा १८ 1 | द्वितीया १९ 2 | तृतीया २० 3 | जातीयभेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस चतुर्थी २१ 4 | विश्व वातावरण दिवस पञ्चमी २२ 5 | षष्ठी २३ 6 |
| सप्तमी २४ 7 | अष्टमी २५ 8 | नवमी २६ 9 | दशमी २७ 10 | एकादशी २८ 11 | द्वादशी २९ 12 | त्रयोदशी ३० 13 |

### शिक्षा, युवा तथा खेलकुद महाशाखाले सम्पादन गर्नुपर्ने कार्यहरू:

- वैशाख २ गतेबाट १४ गतेसम्म विद्यार्थी भर्ना तथा विद्यालय स्वागत अभियान सञ्चालन गर्ने
- वैशाख ६ गतेबाट नयाँ शैक्षिक सत्रको पठनपाठन प्रारम्भ गर्ने
- "१००% Plus Learning" कार्ययोजना तयार गर्ने
- नयाँ शैक्षिक सत्र सञ्चालनका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने
- विषयगत शिक्षण विभागको बैठक सञ्चालन गर्ने
- अन्तरपालिका उत्कृष्ट शैक्षिक अभ्यास अनुभव आदानप्रदानका लागि शैक्षिक भ्रमण आयोजना गर्ने
- वैशाख मसान्तभित्र जुन ५ का अवसरमा विद्यालयगत रूपमा सञ्चालन हुने वातावरणीय स्वच्छता प्रवर्धन कार्यक्रमको विवरण सङ्कलन गरी सारांश तयार गर्ने
- आगामी आ.व.२०८३/८४ का लागि बजेट तथा कार्यक्रम तयार गरी मसान्तभित्र कार्यपालिकामा पेस गर्ने
- "बुढानीलकण्ठ शैक्षिक दर्पण"का लागि लेख रचना माग गर्ने
- बालमैत्री विद्यालय घोषणा गर्ने
- सार्वजनिक बिदा : ६ दिन

### विद्यालयले सम्पादन गर्नुपर्ने कार्यहरू:

- वैशाख १४ गतेभित्र वार्षिक कार्यपात्रो र शैक्षणिक योजना निर्माण गर्ने
- वैशाख २ गतेबाट १४ गते भित्र विद्यार्थी भर्ना तथा विद्यालय स्वागत अभियान सञ्चालन गर्ने
- वैशाख १४ गतेसम्म सबै विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गर्ने
- संस्थागत विद्यालयहरूले अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ तथा नियमावली, २०७७ अनुसार प्रदान गर्ने छात्रवृत्तिका लागि विद्यालय तहमा सूचना आह्वान गर्ने
- विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापकसँग र प्रधानाध्यापकले शिक्षक कर्मचारीसँग कार्य सम्पादन करार गर्ने
- विद्यार्थी सिकाई उपलब्धि अभिवृद्धिका लागि अभिभावकसँग करार गर्ने
- आ.व.२०८३/८४ का लागि बजेट तथा कार्यक्रम तयार गरी दोस्रो हप्ताभित्र शिक्षा, युवा तथा खेलकुद महाशाखामा पेस गर्ने
- जुन ५ का अवसरमा विद्यालयगत रूपमा सञ्चालन हुने वातावरणीय स्वच्छता प्रवर्धन कार्यक्रमको विवरण शिक्षा, युवा तथा खेलकुद महाशाखामा पेस गन
- विद्यालय सञ्चालन : २५ दिन

### शिक्षा, युवा तथा खेलकुद महाशाखाले सम्पादन गर्नुपर्ने कार्यहरू:

- पूर्वप्राथमिक विद्यालयका प्रिन्सिपलहरूको बैठक आयोजना गर्ने
- विद्यालय स्तरीकरण कार्यक्रम सञ्चालन गर्ने
- सार्वजनिक बिदा : ६ दिन

**"शिक्षा → सीप → उद्यमशिलता → रोजगारी → समृद्ध बुढानीलकण्ठ"**

### विद्यालयले सम्पादन गर्नुपर्ने कार्यहरू:

- जुन ५ (विश्व वातावरण दिवस) का अवसरमा सांस्कृतिक, सामाजिक तथा पर्यावरणीय संरक्षण तथा स्वच्छता प्रवर्धन, वृक्षारोपण, सडक स्वच्छता प्रवर्धन तथा दिगो विकास सम्बद्ध क्षेत्रमा शिक्षकविद्यार्थी परिचालन गरी वडा कार्यालय तथा समुदायको सहकार्यमा सामुदायिक कार्य गर्ने
- कक्षा ११ को परीक्षा सञ्चालन गर्ने
- विद्यालय स्तरीकरणका लागि आत्ममूल्याङ्कन फारम भरी शिक्षा, युवा तथा खेलकुद महाशाखामा पेस गर्ने
- विद्यालय सञ्चालन : २५ दिन

### सामुदायिक विद्यालयमा शिक्षक तलब भत्ता तथा अनुदान निकासासम्बन्धी कार्यतालिका:

| क्र.सं. | कार्यक्रम | विद्यालयले निकासा माग गर्ने समय | नगरपालिकाले निकासा गर्ने समय | विद्यालयले बिल भर्पाई पेस गर्ने समय |
|---|---|---|---|---|
| १. | शिक्षक र कर्मचारी तलब भत्ता | प्रत्येक महिनाको मसान्तको दिन | प्रत्येक महिनाको ५ गते | प्रत्येक महिनाको दोस्रो हप्ताभित्र |
| २. | विद्यालय दिवाखाजा | प्रत्येक महिनाको पहिलो हप्ताभित्र | प्रत्येक महिनाको दोस्रो हप्ताभित्र | प्रत्येक महिनाको पहिलो हप्ताभित्र |
| ३. | पाठ्यपुस्तक अनुदान | फागुन महिनाको पहिलो हप्ताभित्र | फागुन महिनाको चौथो हप्ताभित्र | जेठ महिनाको पहिलो हप्ताभित्र |
| ४. | छात्रवृत्ति अनुदान | फागुन महिगनाको चौथो हप्ताभित्र | जेठ महिनाको पहिलो हप्ताभित्र | असार मसान्तभित्र |
| ५. | विद्यालय मसलन्द | चैत महिनाको पहिलो हप्ताभित्र | वैशाख महिनाको पहिलो हप्ताभित्र | असार सान्तभित्र |
| ६. | अन्य विविध कार्यक्रम | कार्यक्रम कार्यान्वय निर्देशिकामा तोकेको समयसीमाभित्र | कार्यक्रम कार्यान्वय निर्देशिकामा तोकेको समयसीमाभित्र | कार्यक्रम कार्यान्वय निर्देशिकामा तोकेको समयसीमाभित्र |

### संस्थागत विद्यालयहरूको शुल्क निर्धारण, स्तरीकरण तथा छात्रवृत्ति कोटा निर्धारण र विद्यार्थी छनोट समय तालिका:

| क्र.सं. | कार्यक्रम | विद्यालयले पेस गर्ने समय | नगरपालिकाले निर्धारण गर्ने समय |
|---|---|---|---|
| १. | शुल्क निर्धारण | माघ महिनाभित्र | चैत महिनाभित्र |
| २. | विद्यालय स्तरीकरण | फागुन महिनाभित्र | चैत महिनाभित्र |
| ३. | छात्रवृत्ति | | |
| | (क) कोटा निर्धारण | वैशाख पहिलो हप्ताभित्र | वैशाख दोस्रो हप्ताभित्र |
| | (ख) विद्यार्थी छनोटका लागि सूचना आह्वान | वैशाख तेस्रो हप्ताभित्र | वैशाख चौथो हप्ताभित्र |
| | (ग) विद्यार्थी छनोट | जेठ पहिलो हप्ताभित्र | जेठ दोस्रो हप्ताभित्र |

**"शिक्षा यस्तो शक्तिशाली हतियार हो, जसको प्रयोगले संसार बदल्न सक्छौं ।" – नेल्सन मन्डेला**

### सामुदायिक तथा संस्थागत विद्यालयहरूबिच साझेदारी र सहकार्य कार्यक्रमका उद्देश्यहरू :

१. एक अर्काका असल अभ्यासहरूको आदान प्रदान गरी विद्यालयको सुधार, विकास र उन्नयनमा उपयोग गर्ने
२. शिक्षक पेसागत विकास कार्यक्रम, कक्षाकोठाको शिक्षण सिकाइमा सुधार, विद्यार्थी मूल्याङ्कनमा सुधार गरी विद्यालयको समग्र शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने
३. सामुदायिक र संस्थागत विद्यालयबिचको खाडल कम गर्ने
४. सहकार्यात्मक सिकाइलाई प्रर्बद्धन गर्ने आदि ।

**विद्यालयमा न्यूनतम सक्षमताको अवस्थाको सुनिश्चितता गरी शैक्षिक उन्नयन वर्षलाई सफल पारौं ।**

# बुढानीलकण्ठ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

हात्तीगौंडा, काठमाडौं, बागमती प्रदेश, नेपाल
फोन नं.: ०१-४३७२७२५
Email: info@budhanilkanthamun.gov.np, Website: www.budhanilkanthamun.gov.np

# शैक्षिक कार्यपात्रो २०८३

Tel.: +977-1-4372725
Email: edu.budhanilkantha2076@gmail.com



काठमाडौं जिल्लाका स्थानीय तहका शिक्षा प्रमुख र शिक्षा विकास तथा समन्वय ईकाई काठमाडौंसँगको साझेदारी बैठक






उत्कृष्ट प्रधानाध्यापक सम्मान कार्यक्रम



विद्यालय अनुगमनको सिलसिलामा शिक्षक विद्यार्थीसँग शैक्षिक अन्तर्क्रिया गर्दै नगर प्रमुख नेतृत्वको अनुगमन टोली

## असार २०८३

नेपाल संवत् ११४६
अनलागा/तछलाथ्व:/तछलागा/दिल्लाथ्व

June-July 2026

| आइतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | बिहीबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| विवाह मुहूर्त : ९, १३, १४, १५, १७, १८ र २३ गते । | औंशी<br>१<br>15 | प्रतिपदा/द्वितीया<br>२<br>16 | तृतीया<br>३<br>17 | चतुर्थी<br>४<br>18 | पञ्चमी<br>५<br>19 | षष्ठी<br>६<br>20 |
| विश्व योग दिवस<br>सप्तमी<br>७<br>21 | अष्टमी<br>८<br>22 | नवमी<br>९<br>23 | दशमी<br>१०<br>24 | एकादशी<br>११<br>25 | द्वादशी<br>१२<br>26 | त्रयोदशी<br>१३<br>27 |
| चतुर्दशी<br>१४<br>28 | दही चिउरा खाने दिन<br>राष्ट्रिय धान दिवस<br>पूर्णिमा<br>१५<br>29 | प्रतिपदा<br>१६<br>30 | प्रतिपदा<br>१७<br>1 | द्वितीया<br>१८<br>2 | तृतीया<br>१९<br>3 | चतुर्थी<br>२०<br>4 |
| पञ्चमी<br>२१<br>5 | षष्ठी<br>२२<br>6 | सप्तमी<br>२३<br>7 | अष्टमी<br>२४<br>8 | नवमी/ दशमी<br>२५<br>9 | एकादशी<br>२६<br>10 | विश्व जनसंख्या दिवस<br>द्वादशी<br>२७<br>11 |
| त्रयोदशी<br>२८<br>12 | भानु जयन्ती<br>चतुर्दशी<br>२९<br>13 | औंशी<br>30<br>14 | गुँला पर्व आरम्भ<br>प्रतिपदा<br>३१<br>15 | द्वितीया<br>३२<br>16 | व्रतबन्ध मुहूर्त : १० गते ।<br>अन्नप्राशन मुहूर्त : ३, १०, १७ र १८ गते । | |

## साउन २०८३

नेपाल संवत् ११४६
दिल्लाथ्व/दिल्लागा/गुंलाथ्व

July-Aug 2026

| आइतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | बिहीबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| चतुर्थी<br>३१<br>16 | अन्नप्राशन मुहूर्त : ४, ८, १५, १८ र २० गते । | | | | साउने संक्रान्ति<br>तृतीया<br>१<br>17 | चतुर्थी<br>२<br>18 |
| पञ्चमी<br>३<br>19 | षष्ठी<br>४<br>20 | सप्तमी<br>५<br>21 | अष्टमी<br>६<br>22 | नवमी<br>७<br>23 | दशमी<br>८<br>24 | तुलसी रोप्ने दिन<br>एकादशी<br>९<br>25 |
| द्वादशी<br>१०<br>26 | त्रयोदशी<br>११<br>27 | चतुर्दशी<br>१२<br>28 | गुरु पूर्णिमा<br>पूर्णिमा<br>१३<br>29 | अन्तर्राष्ट्रिय मानव बेचबिखन दिवस<br>प्रतिपदा<br>१४<br>30 | राष्ट्रिय पोषण दिवस<br>द्वितीया<br>१५<br>खीर खाने दिन 31 | तृतीया<br>१६<br>1 |
| चतुर्थी<br>१७<br>2 | पञ्चमी<br>१८<br>3 | षष्ठी<br>१९<br>4 | सप्तमी<br>२०<br>5 | अष्टमी<br>२१<br>6 | नवमी<br>२२<br>7 | दशमी<br>२३<br>8 |
| एकादशी<br>२४<br>9 | द्वादशी<br>२५<br>10 | गथाँमुगा चः‍ह्रे पूजा<br>चतुर्दशी<br>२६<br>11 | अष्टमी<br>२७<br>12 | अन्तर्राष्ट्रिय युवा दिवस<br>प्रतिपदा<br>२८<br>13 | द्वितीया<br>२९<br>14 | तृतीया<br>30<br>15 |

### शिक्षा, युवा तथा खेलकुद महाशाखाले सम्पादन गर्नुपर्ने कार्यहरू: (असार)

- विषयगत शिक्षण विभागहरूको अनुभव आदान प्रदान कार्यशाला सञ्चालन गर्ने
- संस्थागत विद्यालयहरूले अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ तथा नियमावली, २०७७ अनुसार प्रदान गर्ने छात्रवृत्तिमा विद्यार्थी छनोट गर्न सहजीकरण गर्ने
- विद्यालय स्तरीकरणको नतिजा सार्वजनिक गर्ने
- बुढानीलकण्ठ शैक्षिक दर्पण प्रकाशन गर्ने
- आ.व.२०८२/८३ मा विद्यालयमा गएका निकासाहरूको निकासा पत्र प्रदान गर्ने
- सार्वजनिक बिदा : १२ दिन

### विद्यालयले सम्पादन गर्नुपर्ने कार्यहरू: (असार)

- असार १९ गते छात्रवृत्ति दिवस आयोजना गरी छात्रवृत्ति वितरण गर्ने
- संस्थागत विद्यालयले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको नामनामेसी विवरण सार्वजनिक गरेर छात्रवृत्ति दिवस समारोह आयोजना गरी वितरण गर्ने र सोको विवरण आषाढ मसान्तभित्र शिक्षा, युवा तथा खेलकुद महाशाखामा पेस गर्ने
- पूर्वप्राथमिक तहदेखि कक्षा ५ सम्म विद्यालयमा उपलब्ध जनशक्ति र कक्षा ६ देखि १२ सम्म स्थानीय स्तरमा उपलब्ध स्वास्थ्य सम्बद्ध बाह्य जनशक्तिको उपयोग गरी कम्तिमा एक एकओटा स्वास्थ्य सचेतना कक्षा सञ्चालन गर्ने
- गर्मी बिदा गर्ने
- विद्यालय सञ्चालन : २० दिन

### शिक्षा, युवा तथा खेलकुद महाशाखाले सम्पादन गर्नुपर्ने कार्यहरू: (साउन)

- उत्कृष्ट सामुदायिक तथा संस्थागत विद्यालय तथा उत्कृष्ट सामुदायिक तथा संस्थागत शिक्षक छनोटका लागि सूचना आह्वान गर्ने
- चालु आ.व.का भौतिक तथा शैक्षिक कार्यक्रम वितरणका लागि सूचना गर्ने
- सामुदायिक विद्यालयका लागि पढ्दै कमाउँदै कार्यक्रमको लागि सूचना प्रकाशन गर्ने
- सार्वजनिक बिदा : ६ दिन

### विद्यालयले सम्पादन गर्नुपर्ने कार्यहरू: (साउन)

- विद्यालयका लागि अत्यावश्यक भौतिक तथा शैक्षिक कार्यक्रमको प्रस्ताव तयार गरी नगरपालिकामा पेस गर्ने
- विषयगत शिक्षण विभागको बैठक आयोजना गर्ने
- १३ गते कार्यक्रम आयोजना गरी गुरूपूर्णिमा मनाउने ।
- आ.व.२०८२/८३ मा नगरपालिकाबाट विद्यालयले प्राप्त गरेका कार्यक्रमहरूको बिल भर्पाई पेस गर्ने
- आ.व.२०८२/८३ को सामाजिक परीक्षणका लागि विद्यालयका सम्पूर्ण शैक्षिक, भौतिक, आर्थिक तथा अन्य विवरण शिक्षक अभिभावक सङ्घलाई प्रदान गर्ने
- प्रथम त्रैमासिक परीक्षा सञ्चालन गर्ने ।
- विद्यालय सञ्चालन : २५ दिन

**"आफ्नो बच्चालाई आफूले सिकेको ज्ञान मात्र दिन नखोज, ऊ तिमीभन्दा फरक समयमा जन्मिएको छ ।" – रविन्द्रनाथ टैगोर**

### विद्यालयहरूले सम्पादन गर्नुपर्ने कार्यक्रमको समयतालिका:

| क्र.सं. | कार्यक्रम | निर्माण तथा अद्यावधिक गर्ने समय | निर्माण गर्ने विधि | नगरपालिकामा प्रेषित गर्ने समय |
|---|---|---|---|---|
| १. | विद्यालयमा न्यूनतम सक्षमताको अवस्था सुनिश्चितता | निरन्तर | वडा, नगरपालिका, गै.स.स., प्रदेश तथा नेपाल सरकारसँग सहकार्य र साझेदारी गरेर | प्रत्येक अवयवको निर्माण सम्पन्न भएको १५ दिनभित्र प्रतिवेदन प्रेषित गर्ने |
| २. | विद्यालय सामाजिक परीक्षण | भदौ मसान्तभित्र | विद्यालय सामाजिक परीक्षण मापदण्ड २०७८ अनुसार | कार्तिक महिनाभित्र |
| ३. | विद्यालय लेखा परीक्षण | मङ्सिर मसान्तभित्र | शिक्षा ऐन, नियमावलीमा तोकिएअनुसार | माघ मसान्तभित्र |
| ४. | शिक्षक सक्षमता (सूचना प्रविधि, अङ्ग्रेजी बोलचाल, मानवमूल्य लगायत) | पुस र चैत महिनाभित्र | शिक्षकको माग पहिचान गरेर | तालिम सम्पन्न भएको १५ दिनभित्र |

### रमाइलो शुक्रबार कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न अवलम्बन गर्नुपर्ने चरणहरू :

१. विद्यार्थीहरूको रुचि पहिचान गर्ने
२. सङ्गत रुचिको आधारमा विद्यार्थीहरूको समूह निर्माण गर्ने
३. विद्यार्थीहरूको रुचि समूहलाई केन्द्रित गरी कार्यक्रम निर्माण गर्ने
४. स्रोत साधनको योजना बनाउने
५. विज्ञ जनशक्ति तथा स्रोतव्यक्तिको रोष्टर तयार गर्ने
६. वर्षभरीका शुक्रबारलाई समेटी रमाइलो शुक्रबार कार्यक्रमको कार्ययोजना बनाउने
७. रमाइलो शुक्रबार कार्ययोजनाको कार्यान्वयन गर्ने
८. विभिन्न विद्यालयहरूको रमाइलो शुक्रबार कार्यक्रमको अनुभव आदान प्रदान गर्ने
९. रमाइलो शुक्रबार कार्यक्रमको समीक्षा गरी प्रतिबेदन तयार गर्ने आदि

**माथि उल्लिखित चरण पूरा गरी रमाइलो शुक्रबार कार्यक्रम सञ्चालन गर्न देहायका कार्यक्रमहरू सञ्चालन गर्ने :**

१. नियमित योग अभ्यास (कम्तिमा २ मिनेटदेखि १५ मिनेटसम्म)
२. नियमित खेलकुद कार्यक्रम (प्रत्येक विद्यार्थीले हप्तामा आधा घण्टा खेल्ने व्यवस्था गर्ने)
३. नियमित रूपमा संगीत र नृत्य
४. पठन संस्कृतिको विकास (पुस्तक सार, पुस्तकालय अध्ययन)
५. STEAM सञ्चालन
६. विद्यार्थीको सिकाइका लागि घर, समाज र विद्यालय साझेदारी
७. परियोजनामा आधारित सिकाइ
९. निरन्तर मूल्याङ्कन
१०. बुद्ध शिक्षा
११. साहित्यिक कार्यक्रम
१२. वृत्ति मार्गदर्शन तथा कामको संसार चिनाउने कार्यक्रम
१३. जीवनपयोगी सीप सिकाइ (आधारभूत तह)
१४. सीपमूलक शिक्षा (माद्यमिक तह) आदि

**आर्थिक वर्ष २०८२/०८३ मा सम्पादित सम्पूर्ण कार्यक्रमको प्रगति प्रतिवेदन तोकिएको समयमा शिक्षा, युवा तथा खेलकुद महाशाखामा पेस गर्नौं ।**

# बुढानीलकण्ठ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

हात्तीगौंडा, काठमाडौं, बागमती प्रदेश, नेपाल
फोन नं.: ०१-४३७२७२५
Email: info@budhanilkanthamun.gov.np, Website: www.budhanilkanthamun.gov.np

# शैक्षिक कार्यपात्रो २०८३

Tel.: +977-1-4372725
Email: edu.budhanilkantha2076@gmail.com


विद्यार्थी गुनासो सुनुवाई पेटिका खोलेर गुनासो सुनुवाई गर्दै नगर प्रमुख


विद्यार्थी गुनासो सुनुवाई पेटिका खोलेर गुनासो सुनुवाई गर्दै प्रमुख प्रशासकीय अधिकृत


विद्यार्थी गुनासो सुनुवाई पेटिका खोलेर गुनासो सुनुवाई गर्दै शिक्षा महाशाखा प्रमुख


विद्यालयका शिक्षकसँग गरिएको अन्तर्क्रिया कार्यक्रमको झलक


विद्यालय अनुगमन गर्दै नगर उपप्रमुख


विद्यार्थी गुनासो सुनुवाई कार्यक्रमको झलक

## भदौ २०८३

नेपाल संवत् ११४६
गुंलाथ्व/गुंलागा/ञँलाथ्व

Aug-Sep 2026

| आइतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | बिहीबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| | पञ्चमी<br>१ 17<br>नाग पञ्चमी | षष्ठी<br>२ 18 | सप्तमी<br>३ 19<br>राष्ट्रिय सूचना दिवस | अष्टमी<br>४ 20 | नवमी<br>५ 21 | दशमी<br>६ 22 |
| एकादशी<br>७ 23 | द्वादशी<br>८ 24 | द्वादशी<br>९ 25 | त्रयोदशी<br>१० 26 | चतुर्दशी<br>११ 27 | पूर्णिमा<br>१२ 28<br>जनै पूर्णिमा | प्रतिपदा<br>१३ 29<br>काठमाडौं उपत्यका बिदा<br>गाईजात्रा |
| द्वितीया<br>१४ 30 | तृतीया<br>१५ 31 | चतुर्थी/ पञ्चमी<br>१६ 1 | षष्ठी<br>१७ 2 | सप्तमी<br>१८ 3 | अष्टमी<br>१९ 4<br>श्रीकृष्ण जन्माष्टमी<br>गौरापर्व | नवमी<br>२० 5 |
| दशमी<br>२१ 6 | एकादशी<br>२२ 7<br>निजामती सेवा दिवस | द्वादशी<br>२३ 8<br>जेन्जी शहिद दिवस | त्रयोदशी<br>२४ 9 | चतुर्दशी<br>२५ 10 | औंशी<br>२६ 11<br>बुबाको मुख हेर्ने दिन | प्रतिपदा<br>२७ 12<br>गुँला पर्व समाप्ति |
| द्वितीया<br>२८ 13<br>दर खाने दिन | तृतीया<br>२९ 14<br>हरितालिका तीज<br>महिला कर्मचारी बिदा | चतुर्थी<br>३० 15 | पञ्चमी<br>३१ 16 | अन्नप्राशन मुहूर्त : १, ३, १० र २९ गते । | | |

## असोज २०८३

नेपाल संवत् ११४६
ञँलाथ्व/ञँलागा/कौलाथ्व

Sep-Oct 2026

| आइतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | बिहीबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| अन्नप्राशन मुहूर्त : ५ र २६ गते । | | | | षष्ठी<br>१ 17<br>विश्वकर्मा पूजा | सप्तमी<br>२ 18 | अष्टमी<br>३ 19<br>संविधान दिवस |
| नवमी<br>४ 20 | दशमी<br>५ 21 | एकादशी<br>६ 22<br>हरिपरिवर्तनी एकादशी | द्वादशी<br>७ 23 | त्रयोदशी<br>८ 24 | चतुर्दशी<br>९ 25<br>काठमाडौं उपत्यका बिदा<br>इन्द्रजात्रा | पूर्णिमा<br>१० 26 |
| प्रतिपदा<br>११ 27 | द्वितीया<br>१२ 28 | तृतीया<br>१३ 29<br>विश्व वृद्ध दिवस | चतुर्थी<br>१४ 30 | पञ्चमी<br>१५ 1 | षष्ठी<br>१६ 2 | सप्तमी<br>१७ 3 |
| अष्टमी<br>१८ 4<br>जितिया पर्व मनाउने महिला कर्मचारीलाई बिदा<br>जितिया पर्व | दशमी<br>१९ 5 | एकादशी<br>२० 6 | द्वादशी<br>२१ 7 | त्रयोदशी<br>२२ 8 | चतुर्दशी<br>२३ 9 | औंशी<br>२४ 10<br>विश्व मानसिक स्वास्थ्य दिवस |
| प्रतिपदा<br>२५ 11<br>घटस्थापना | द्वितीया<br>२६ 12 | तृतीया<br>२७ 13 | चौथी<br>२८ 14 | पञ्चमी<br>२९ 15 | षष्ठी<br>३० 16 | सप्तमी<br>३१ 17<br>फूलपाती |

### शिक्षा, युवा तथा खेलकुद महाशाखाले सम्पादन गर्नुपर्ने कार्यहरू: (भदौ)

- चालु आ.व.का भौतिक तथा शैक्षिक कार्यक्रम वितरण गर्ने
- दोस्रो हप्ताभित्र वर्ष विद्यालय तथा वर्ष शिक्षक छनोट गर्ने
- विषयगत शिक्षण विभागको बैठक गर्ने
- भाद्र २३ गते अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थी, विद्यालय र २० वर्ष सेवा अवधि पुगेका शिक्षकलाई सम्मान गर्ने
- भाद्र २९ गते राष्ट्रिय बालदिवसको कार्यक्रम आयोजना गर्ने
- सार्वजनिक बिदा : ७ दिन

### विद्यालयले सम्पादन गर्नुपर्ने कार्यहरू: (भदौ)

- शिक्षक अभिभावक सङ्घमार्फत आ.व.२०८२/८३ को सामाजिक परीक्षण गर्ने
- भाद्र २३ गते अन्तर्राष्ट्रिय साक्षरता दिवसको आयोजना गर्ने
- भाद्र २९ गते राष्ट्रिय बालदिवसको आयोजना गरी बालअधिकारको बारेमा जानकारी गराउने र बाल चित्रकला प्रतियोगिता सञ्चालन गर्ने
- विद्यालय सञ्चालन : २४ दिन

### शिक्षा, युवा तथा खेलकुद महाशाखाले सम्पादन गर्नुपर्ने कार्यहरू: (असोज)

- ३ गते संविधान दिवस मनाउने
- पढ्दै कमाउँदै कार्यक्रमको लागि विद्यालय छनोट गर्ने
- सार्वजनिक बिदा : ६ दिन

### विद्यालयले सम्पादन गर्नुपर्ने कार्यहरू: (असोज)

- ३ गते संविधान दिवस मनाउने
- विद्यालयमा बगैंचा निर्माण गर्ने
- दसैं तिहारबिचको लामो बिदाका लागि परियोजना कार्य अन्तर्गत कार्य पुस्तिका तयार गरी वितरण गर्ने
- विद्यालय सञ्चालन : २५ दिन

**शिक्षामा सुधार, बिकास र उन्नयन : बुढानीलकण्ठको अभियान**

### केही प्रशासनिक कार्यको तालिका:

| क्र.सं. | कार्यक्रम | मिति, समय र स्थान |
|---|---|---|
| १. | सामुदायिक विद्यालयको प्रधानाध्यापक बैठक | वैशाख, असार, भदौ, कात्तिक, पुस र चैत महिनाको २५ गते दिउँसो १.०० बजे पालैपालो विद्यालय तोकी घुम्ती रूपमा बैठक आयोजना गरिने र पूर्वनिर्धारित मितिमा सार्वजनिक बिदा परेमा सो दिनको भोलिपल्ट बैठक आयोजना गरिने छ । |
| २. | संस्थागत विद्यालयको प्रधानाध्यापक बैठक | जेठ, साउन, मङ्सिर, माघ र फागुन महिनाको २५ गते दिउँसो १.०० बजे पालैपालो विद्यालय तोकी घुम्ती रूपमा बैठक आयोजना गरिने र पूर्वनिर्धारित मितिमा सार्वजनिक बिदा परेमा सो दिनको भोलिपल्ट बैठक आयोजना गरिने छ । |
| ३. | पूर्वप्राथमिक विद्यालयका प्रधानाध्यापकसँग बैठक | वैशाख, जेठ, मंसिर, फागुन महिनाको पहिलो हप्ताभित्र |
| ४. | विषयगत बिभागहरूको बैठक | वैशाख, जेठ, पुष, चैत्र महिनाको मसान्तमा |
| ५. | प्रधानाध्यापक, शिक्षक, कर्मचारी कार्य सम्पादन करारको समीक्षा र पृष्ठपोषण | हरेक महिनाको अन्तिम दिन र पूर्वनिर्धारित मितिमा सार्वजनिक बिदा परेमा सो दिनको भोलिपल्ट |

- विद्यालय र परीक्षा सञ्चालन भएको दिन विद्यालय र परीक्षा सञ्चालन समयावधिभर विद्यालयको प्रधानाध्यापक विद्यालयमा उपस्थित भएको हुनुपर्ने छ । विशेष कारणले उक्त समयमा प्रधानाध्यापक विद्यालय बाहिर जानुपर्ने भएमा नगर शिक्षा, युवा तथा खेलकुद महाशाखाको अनुमतिमा मात्र बाहिर जानसक्ने व्यवस्थाको पालना गर्ने । विद्यालयको प्रशासनिक तथा वित्तीय कार्यमा सकेसम्म विद्यालयको प्रशासनिक तथा लेखासम्बन्धी कर्मचारी मात्र खटाई कार्य सम्पादनको व्यवस्था गर्ने ।

**हामी सबैको प्रतिबद्धता: अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको सुनिश्चितता ।**

# बुढानीलकण्ठ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

हात्तीगौंडा, काठमाडौं, बागमती प्रदेश, नेपाल
फोन नं.: ०१-४३७२७२५
Email: info@budhanilkanthamun.gov.np, Website: www.budhanilkanthamun.gov.np

## शैक्षिक कार्यपात्रो २०८३

Tel.: +977-1-4372725
Email: edu.budhanilkantha2076@gmail.com


पाँचौ नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्डको उद्घाटन समारोह


पाँचौ नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्डका विजेता खेलाडीहरूलाई ट्रफी हस्तान्तरण गर्दै नगर उपप्रमुख

**बिजया दशमी, शुभ दीपावली, नेपाल सम्बत, छठ लगायतका सबै पर्बहरूको शुभकामना**


प्राथमिक र आधारभूत तह फिफा प्रतियोगिताको झलक


प्राथमिक र आधारभूत तह फिफा प्रतियोगिताको झलक



पाँचौ नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्डका विजेता खेलाडीहरूलाई प्रमाणपत्र हस्तान्तरण पछिको झलक

## कार्तिक २०८३ — नेपाल संवत् ११४६/११४७ (कौलाथ्व/कौलागा/कछलाथ्व) — Oct-Nov 2026

| आइतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | बिहीबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| महाअष्टमी १ 18 (राष्ट्रिय पोषण सप्ताह) | अष्टमी २ 19 (राष्ट्रिय पोषण सप्ताह) | महानवमी ३ 20 (राष्ट्रिय पोषण सप्ताह) | विजयादशमी ४ 21 (राष्ट्रिय पोषण सप्ताह) | पापांकुश एकादशी ५ 22 (राष्ट्रिय पोषण सप्ताह) | द्वादशी ६ 23 (राष्ट्रिय पोषण सप्ताह) | त्रयोदशी ७ 24 (राष्ट्रिय पोषण सप्ताह) |
| चतुर्दशी ८ 25 | कोजाग्रत पूर्णिमा ९ 26 | प्रतिपदा १० 27 | तृतीया ११ 28 | चतुर्थी १२ 29 | पञ्चमी १३ 30 | षष्ठी १४ 31 |
| सप्तमी १५ 1 | अष्टमी १६ 2 | नवमी १७ 3 | दशमी १८ 4 | एकादशी १९ 5 | द्वादशी २० 6 (धनतेरस) | त्रयोदशी २१ 7 (काग तिहार) |
| चतुर्दशी २२ 8 (कुकुर तिहार, लक्ष्मीपूजा) | औंशी २३ 9 (गाई तिहार) | प्रतिपदा २४ 10 (नेपाल संवत् ११४७, म्हः पूजा) | द्वितीया २५ 11 (फाल्गुनन्द जयन्ती, भाइटिका) | तृतीया २६ 12 | चतुर्थी २७ 13 | पञ्चमी २८ 14 (विश्व मधुमेह दिवस) |
| षष्ठी २९ 15 (छठपर्व) | सप्तमी 30 16 | | | | | |

अन्नप्राशन मुहूर्त : १३ र ३० गते ।

## मंसिर २०८३ — नेपाल संवत् ११४७ (कछलाथ्व/कछलागा/थिंल्लाथ्व) — Nov-Dec 2026

| आइतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | बिहीबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| | | अष्टमी १ 17 (राष्ट्रिय झाडापखाला तथा हैजा दिवस) | नवमी २ 18 | दशमी ३ 19 | एकादशी ४ 20 (हरिबोधिनी एकादशी, स्थानीय विदा) | द्वादशी ५ 21 |
| त्रयोदशी ६ 22 | चतुर्दशी ७ 23 | पूर्णिमा ८ 24 (शिव धर्मावलम्बीलाई विदा, गुरुनानक जयन्ती) | प्रतिपदा ९ 25 | द्वितीया १० 26 | तृतीया ११ 27 | चतुर्थी १२ 28 |
| पञ्चमी १३ 29 | षष्ठी १४ 30 (फाल्गुनन्द जयन्ती) | अष्टमी १५ 1 (विश्व एड्स दिवस) | नवमी १६ 2 (नगरपालिका स्थापना दिवस) | दशमी १७ 3 (अपाङ्गता भएका कर्मचारीलाई विदा, अपाङ्गता दिवस) | एकादशी १८ 4 (एकादशी मेला (स्थानीय बिदा)) | द्वादशी १९ 5 |
| त्रयोदशी २० 6 | चतुर्दशी २१ 7 | औंशी २२ 8 | प्रतिपदा २३ 9 | प्रतिपदा २४ 10 | द्वितीया २५ 11 | तृतीया २६ 12 |
| चतुर्थी २७ 13 | पञ्चमी २८ 14 | षष्ठी २९ 15 | | | | |

विवाह मुहूर्त : ९, १०, १६, १७, १९, २४, २५ र २६ गते ।
अन्नप्राशन मुहूर्त : १० र १७ गते ।

### शिक्षा, युवा तथा खेलकुद महाशाखाले सम्पादन गर्नुपर्ने कार्यहरू:

- ➢ अध्ययन भ्रमण कार्यक्रम सञ्चालन गर्ने
- ➢ शिक्षक क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने
- ➢ सार्वजनिक बिदा : ४ दिन

**१०० प्रतिशत प्लस सिकाइ कार्यक्रम सञ्चालन विधि :**

विद्यार्थी र शिक्षकबिचको अन्तरक्रियाबाट पूर्वनिर्धारित सिकाइ उपलब्धि मात्र हासिल नगरी थप सिकाइ उपलिब्ध समेत हासिल गर्न सकिने मान्यता यस कार्यक्रम अन्तर्गत राखिएको छ। यस कार्यक्रमलाई सार्थक बनाउन रचनात्मक शिक्षण क्षमता भएको शिक्षक, जिज्ञासु विद्यार्थी, रचनात्मक कक्षा वातावरण र सहयोगी अभिभावकको आवश्यकता पर्छ । यस कार्यक्रममा कक्षाकोठा आविश्कारमा आधारित शिक्षण सिकाइयुक्त हुनुपर्छ। शिक्षक क्रियाकलाप पाठ्यक्रम र आवश्यकता केन्द्रित, विद्यार्थी क्रियाकलाप सहकार्यात्मक र मूल्याङ्कन निर्माणात्मक हुनुपर्छ। यस कार्यक्रमलाई निम्न विधि अबलम्बन गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिन्छ :

१. १०० प्रतिशत प्लस सिकाइका लागि वस्तुगत आधारमा योजना निर्माण गर्ने
२. शिक्षक सक्षमताको विकास गर्ने
३. आवश्यक शैक्षिक तथा भौतिक पूर्वाधारको निर्माण गर्ने
४. विद्यार्थीको सिकाइ स्तर र सिकाइमा प्रभाव पार्ने तत्त्वहरूको पहिचान गरी सो मुताबिक सम्बोधन गर्ने
५. बैयक्तिकतामा आधारित शिक्षण सिकाइ सञ्चालन गर्ने
६. विद्यार्थी सिकाइ स्तरको निरन्तर मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्ने
७. रचनात्मक शिक्षण सिकाइको वातावरण प्रदान गरी सतप्रतिशत सिकाइको सुनिश्चितता गर्ने
८. १०० प्रतिशत प्लस सिकाइ उपलब्धि हासिल गर्ने विद्यार्थी र शिक्षक प्रोत्साहन योजना कार्यान्वयन गर्ने ।

### विद्यालयले सम्पादन गर्नुपर्ने कार्यहरू:

- ➢ विद्यालय बगैंचाको व्यवस्थापन गर्ने
- ➢ विद्यालय सञ्चालन : १ दिन

**सिकाई आपुरण तथा द्रुत सिकाई योजनाका उद्देश्यहरू :**

१. कोभिड -१९ बाट भएको सिकाई क्षति न्यूनीकरण आपुरण तथा अभिवृद्धि गर्न सहजीकरण गर्नु
२. विद्यालय छोड्ने र दोहोऱ्याउने दरमा कमी ल्याई निरन्तरताको दर बढाउनु
३. तुलनात्मक रूपमा बढी शैक्षिक क्षति भएको पालिकाहरू पहिचान गरी सहयोग कार्यक्रमहरू सञ्चालन गर्नु
४. तीन तहका सरकार, शिक्षा क्षेत्रमा कार्यरत गैसस, शैक्षिक संघसंस्था समेतको समन्वय र सहकार्यमा सबै बालबालिकाहरूको सिकाइ निरन्तरता र सुनिश्चितता गर्नु
५. कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्न सम्बन्धित तह वा निकायको भूमिका स्पष्ट गरी अपेक्षित नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनाउनु
६. कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित प्रतिवेदन प्रणालीलाई सहज बनाउनु
७. नतिजामा आधारित अनुगमन प्रणालीको माध्यमबाट कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी लक्षित नतिजा सुनिश्चित गर्नु
८. तेस्रो पक्षबाट कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन सामाजिक तथा आर्थिक लेखा परीक्षण लगायतका कार्यलाई आवश्यकता अनुसार सहजीकरण गर्नु ।

यस योजना बमोजिम विद्यार्थीलाई देहाय बमोजिम समूहीकृत गरिन्छ :

| सिकाइ स्तर | तहको बिबरण | सिकाइ स्तरको प्रतिशत | समूह | उपचारात्मक शिक्षण सिकाइको प्रकार | कैफियत |
|---|---|---|---|---|---|
| तह १ | सिकाइको स्तर आधारभूत तहभन्दा मुनिका विद्यार्थी | ३५ प्रतिशत भन्दा कम | Red Group | उपचारात्मक, समूहमा, विस्तृत शिक्षण | |
| तह २ | आधारभूत तहका विद्यार्थी | ३५ प्रतिशत भन्दा माथि र ५० प्रतिशत भन्दा कम | Blue Group | उपचारात्मक, समूहमा, विस्तृत शिक्षण | |
| तह ३ | औषत भन्दा मुनिका विद्यार्थी | ५० प्रतिशत भन्दा माथि र ७० प्रतिशत भन्दा कम | Green Group | उपचारात्मक, व्यक्तिगत, रिफरल | |
| तह ४ | निपूर्ण वा कुशल विद्यार्थी | ७० प्रतिशत भन्दा माथि र ९० प्रतिशत भन्दा कम | Orange Group | रिफरल | |
| तह ५ | उत्कृष्ट विद्यार्थी | ९० प्रतिशत र सो भन्दा माथि | Yellow Group | रिफरल | |

### शिक्षा, युवा तथा खेलकुद महाशाखाले सम्पादन गर्नुपर्ने कार्यहरू:

- ➢ दसैं तिहार विदाको लागि दिइएका परियोजना कार्यहरूको मूल्याङ्कन गरी उत्कृष्ट तीनओटाको प्रस्तुति गराउने
- ➢ विद्यालयमा करियर काउन्सिलिङ कार्यक्रमको अनुगमन गर्ने
- ➢ सार्वजनिक संस्थागत विद्यालय साझेदारी कार्यक्रमको अनुभव आदान प्रदान कार्यक्रम गर्ने
- ➢ मङ्सिर १६ गते नगरपालिका दिवस मनाउने
- ➢ २४ गतेदेखि २६ गतेसम्म राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजना गर्ने
- ➢ प्रत्येक विद्यालयले सञ्चालन गरेको सिकाइ सहजीकरण कार्यको अनुगमन गर्ने
- ➢ हाम्रो बुढानीलकण्ठ पाठ्यक्रमको परिमार्जन गर्ने
- ➢ मैत्रीपूर्ण शिक्षक फुटसल कार्यक्रम आयोजना गर्ने
- ➢ प्राथमिक तथा आधारभूत तह फिफा फुटसल कार्यक्रम आयोजना गर्ने
- ➢ सार्वजनिक बिदा : ४ दिन

### विद्यालयले सम्पादन गर्नुपर्ने कार्यहरू:

- ➢ करियर काउन्सिलिङ कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने
- ➢ शिक्षा, यूवा तथा खेलकुद महाशाखाले आयोजना गर्ने शिक्षक फुटसल कार्यक्रममा सहभागी हुने
- ➢ प्राथमिक तथा आधारभूत तह फिफा फुटसल कार्यक्रममा आवश्यक तयारी गरी सहभागी हुने
- ➢ मङ्सिर १६ गते नगरपालिका दिवस मनाउने
- ➢ २४ गतेदेखि २६ गतेसम्म आयोजना हुने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको लागि विद्यालय स्तरमा आवश्यक तयारी गरी सहभागी हुने
- ➢ पूर्वप्राथमिक तहदेखि कक्षा ५ सम्म विद्यालयमा उपलब्ध जनशक्ति र कक्षा ६ देखि १२ सम्म स्थानीय स्तरमा उपलब्ध स्वास्थ्य सम्बद्ध बाह्य जनशक्तिको उपयोग गरी कम्तिमा एक एकओटा स्वास्थ्य सचेतना कक्षा सञ्चालन गर्ने
- ➢ विद्यालय सञ्चालन : २५ दिन

**विद्यालयको वित्तीय परीक्षण पूर्व सामाजिक परीक्षण सम्पन्न गरौं ।**

# बुढानीलकण्ठ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हात्तीगौंडा, काठमाडौं, बागमती प्रदेश, नेपाल
फोन नं.: ०१-४३७२७२५
Email: info@budhanilkanthamun.gov.np, Website: www.budhanilkanthamun.gov.np


# शैक्षिक कार्यपात्रो २०८३


Tel.: +977-1-4372725
Email: edu.budhanilkantha2076@gmail.com









दोस्रो नगर शिक्षक सम्मेलनका सहभागी शिक्षकहरू


स्थायी नियुक्ति भई आएका शिक्षकहरूको पदस्थापना

## पुस २०८३

नेपाल संवत् ११४७
थिंल्लाथ्व/थिंल्लागा/पोहेलाथ्व

Dec-Jan 2026-2027

| आइतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | बिहीबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| अन्नप्राशन मुहूर्त : १ र १५ गते । | | | सप्तमी १ 16 | अष्टमी २ 17 | नवमी ३ 18 | दशमी ४ 19 |
| एकादशी ५ 20 | द्वादशी ६ 21 | त्रयोदशी ७ 22 | चतुर्दशी ८ 23 | पूर्णिमा ९ 24 यःमरिः पुन्हिः उधौली पर्व | प्रतिपदा १० 25 किरसमश डे | तृतीया ११ 26 |
| चतुर्थी १२ 27 | पञ्चमी १३ 28 | षष्ठी १४ 29 | सप्तमी १५ 30 तमु ल्होसार | अष्टमी १६ 31 | नवमी १७ 1 | दशमी १८ 2 |
| एकादशी १९ 3 | द्वादशी २० 4 | त्रयोदशी २१ 5 | चतुर्दशी २२ 6 | औंशी २३ 7 | प्रतिपदा २४ 8 | द्वितीया २५ 9 |
| तृतीया २६ 10 | तृतीया २७ 11 पृथ्वी जयन्ती | चतुर्थी २८ 12 | पञ्चमी २९ 13 | षष्ठी ३० 14 | | |

### शिक्षा, युवा तथा खेलकुद महाशाखाले सम्पादन गर्नुपर्ने कार्यहरू:

- विषयगत शिक्षण विभागको बैठक सञ्चालन गर्ने
- उत्कृष्ट विद्यालय भ्रमण आयोजना गर्ने
- सार्वजनिक संस्थागत विद्यालय साझेदारी कार्यक्रम अन्तर्गत आयोजना हुने शिक्षक सक्षमता विकास कार्यशाला सञ्चालन गर्ने
- विद्यालय स्तरीय दोस्रो त्रैमासिक परीक्षाको अनुगमन गर्ने
- तेस्रो सामुदायिक तथा संस्थागत शिक्षक सम्मेलन आयोजना गर्ने
- सार्वजनिक बिदा : ८ दिन

### विद्यालयले सम्पादन गर्नुपर्ने कार्यहरू:

- विषयगत शिक्षण विभागको बैठकमा सहभागी हुने
- सार्वजनिक संस्थागत विद्यालय साझेदारी कार्यक्रम अन्तर्गत आयोजना हुने शिक्षक सक्षमता विकास कार्यशालामा सहभागी हुने
- शिक्षा, युवा तथा खेलकुद महाशाखाले आयोजना गर्ने विद्यार्थी फुटसल प्रतियोगितामा सहभागी हुने
- विद्यालय स्तरीय दोस्रो त्रैमासिक परीक्षा सञ्चालन गर्ने
- तेस्रो सामुदायिक तथा संस्थागत शिक्षक सम्मेलनमा सहभागी हुने
- जाडो बिदा गर्ने
- विद्यालय सञ्चालन : २३ दिन

## माघ २०८३

नेपाल संवत् ११४७
पोहेलाथ्व/पोहेलागा/सिल्लाथ्व

Jan-Feb 2027

| आइतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | बिहीबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| विवाह मुहूर्त : ४, १२, १५, १९, २० र २७ गते । व्रतबन्ध मुहूर्त : २५ गते । अन्नप्राशन मुहूर्त : १५ र २५ गते । | | | | | सप्तमी १ 15 माघे संक्रान्ति | अष्टमी २ 16 |
| नवमी ३ 17 | एकादशी ४ 18 | द्वादशी ५ 19 | त्रयोदशी ६ 20 | चतुर्दशी ७ 21 | पूर्णिमा ८ 22 | प्रतिपदा ९ 23 |
| द्वितीया १० 24 | तृतीया ११ 25 | चतुर्थी १२ 26 | पञ्चमी १३ 27 | षष्ठी १४ 28 | सप्तमी १५ 29 | अष्टमी १६ 30 राष्ट्रिय सहिद दिवस |
| नवमी १७ 31 | दशमी १८ 1 | एकादशी १९ 2 | द्वादशी २० 3 | त्रयोदशी २१ 4 | चतुर्दशी २२ 5 | औंशी २३ 6 |
| प्रतिपदा २४ 7 सोनम ल्होसार | द्वितीया २५ 8 | तृतीया २६ 9 | चतुर्थी २७ 10 | पञ्चमी २८ 11 शिक्षण संस्था बिदा श्रीपञ्चमी सरस्वती पूजा | षष्ठी २९ 12 | |

### शिक्षा, युवा तथा खेलकुद महाशाखाले सम्पादन गर्नुपर्ने कार्यहरू:

- शिक्षण सिकाइ सहजीकरण कार्यको अनुगमन गर्ने
- प्रधानाध्यापकहरूसँग वैकल्पिक माध्यमको उपयोग गरी अन्तरक्रिया गर्ने
- २५ र २६ गते छैटौं रोजगार तथा वृत्ति मेला आयोजना गर्ने
- सार्वजनिक बिदा : ९ दिन

### विद्यालयले सम्पादन गर्नुपर्ने कार्यहरू:

- कक्षा थपका लागि फाइल पेस गर्ने
- कक्षागत र विषयगत रूपमा शिक्षण सिकाइको समीक्षा गर्ने
- शिक्षक सम्मेलनमा सहभागी हुने
- पूर्वप्राथमिक विद्यालय स्तरीय फुटबल प्रतियोगितामा विद्यालयलाई सहभागी गराउने
- छैटौं रोजगार तथा वृत्ति मेलामा सहभागी हुने
- विद्यालय सञ्चालन : २३ दिन

### नगरपालिकाले निर्माण गरी कार्यान्वयनमा ल्याएका शिक्षा क्षेत्रका केही नगरस्तरीय नीति, योजना, कार्यविधि तथा निर्देशिकाहरू :

१. शैक्षिक व्यवस्थापन कार्यविधि २०७५
२. विद्यालय लेखापरीक्षण कार्यविधि २०७८
३. शिक्षक बैंक व्यवस्थापन कार्यविध २०७९
४. विषयगत शिक्षण विभाग व्यवस्थापन कार्यविधि २०७९
५. सघन शिक्षण सिकाइ निर्देशिका २०७९
६. प्रधानाध्यापक पदपूर्ति कार्यविधि २०८०
७. नगर शिक्षा नीति २०८०
८. शिक्षा योजना (२०८०/८१ - २०८९/९०)
९. कपन क्याम्पस सञ्चालन व्यवस्थापन कार्यविधि २०८०
१०. संस्थागत विद्यालय सञ्चालन मापदण्ड २०८०
११. पाठ्यक्रममा आधारित पठनपाठन निर्देशिका २०८०
१२. विद्यालयमा विद्यार्थी वृत्ति मार्गदर्शन निर्देशिका २०८०
१३. छोटो अवधिको सिपमूलक तालिम सञ्चालन कार्यविधि २०८०
१४. शैक्षिक उन्नयन वर्ष घोषणा कार्यान्वन कार्यविधि २०८०
१५. निवृत्त विद्यालय शिक्षक कर्मचारी प्रोत्साहन कार्यविधि २०८१, आदि ।

### नेपालमा प्रतिबन्धित विषादीहरू:

कलोरोडेन, डी.डी.टी., डाइएल्ड्रिन, इन्ड्रिन, हेप्टाक्लोर, माइरेक्स, टोक्साफेन, वी.एच.सी., लिन्डेन, फस्फामिडन, अर्गानो मर्करी कम्पाउन्ड, मिथाइल पाराथियन, मोनोक्रोटोफस, इन्डोसल्फान, फोरेट, कावोफ्युरान, कार्बारिल, डाइक्लोरोभस, ट्राइजोफस, बेनोमिल, कार्बोसल्फान, डाइकोफल, एल्मोनियम फस्फाइड ३ ग्राम टेबलेट ।

"मसँग त्यस्तो विशेष क्षमता केही पनि छैन, मात्र म नयाँ कुरा जान्न र बुझ्नको लागि सधैं उत्सुक रहन्छु ।" - अल्वर्ट आइन्स्टाइन्

"यी आठ गुणले ख्याति बढाउँछ : बुद्धि, कुलीन, इन्द्रिय निग्रह, शास्त्रज्ञान, पराक्रम, धेरै नबोल्ने, शक्ति अनुसार दान दिने र कृतज्ञता ।" - विदुर नीति

**'एक विद्यालय एक सिप' कार्यक्रम कार्यान्वयन गरी शिक्षालाई उत्पादन र विकाससँग जोडौं ।**

# बुढानीलकण्ठ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हात्तीगौंडा, काठमाडौं, बागमती प्रदेश, नेपाल
फोन नं.: ०१-४३७२७२५
Email: info@budhanilkanthamun.gov.np, Website: www.budhanilkanthamun.gov.np


# शैक्षिक कार्यपात्रो २०८३


Tel.: +977-1-4372725
Email: edu.budhanilkantha2076@gmail.com



नगर स्काउट कार्यक्रमको झलक


प्रत्येक विद्यालयमा स्काउट कार्यक्रको एक झलक


विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनको झलक


विद्यालयमा ई-हाजिरी व्यवस्थापन सम्बन्धी अभिमुखिकरण कार्यक्रमको झलक

## फागुन २०८३

नेपाल संवत् ११४७
सिल्लाथ्व/सिल्लागा/चिल्लाथ्व

Feb-Mar 2027

| आइतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | बिहीबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| षष्ठी ३० 14 | विवाह मुहूर्त : ३, ४, ११, १२, १५, १६, १७, १८, २०, २५, २६ र ३० गते । व्रतबन्ध मुहूर्त : १०, १३ र २६ गते । अन्नप्राशन मुहूर्त : ७, १३ र २६ गते । | | | | | सप्तमी १ 13 |
| अष्टमी २ 14 | नवमी ३ 15 | दशमी ४ 16 | एकादशी ५ 17 | द्वादशी ६ 18 | त्रयोदशी ७ 19 राष्ट्रिय प्रजातन्त्र दिवस | चतुर्दशी/पूर्णिमा ८ 20 |
| प्रतिपदा ९ 21 | द्वितीया १० 22 | तृतीया ११ 23 | चतुर्थी १२ 24 | पञ्चमी १३ 25 | षष्ठी १४ 26 | सप्तमी १५ 27 |
| अष्टमी १६ 28 | नवमी १७ 1 | दशमी १८ 2 | एकादशी १९ 3 | एकादशी २० 4 | द्वादशी २१ 5 | त्रयोदशी २२ 6 महाशिवरात्री |
| चतुर्दशी २३ 7 | औंशी २४ 8 अन्तर्राष्ट्रिय नारी दिवस | प्रतिपदा २५ 9 ग्याल्पो ल्होसार | द्वितीया २६ 10 | तृतीया २७ 11 | चौथी २८ 12 | पञ्चमी २९ 13 |

## चैत २०८३

नेपाल संवत् ११४७
चिल्लाथ्व/चिल्लागा/चौलाथ्व

Mar-Apr 2027

| आइतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | बिहीबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| | सप्तमी १ 15 | अष्टमी २ 16 | दशमी ३ 17 | एकादशी ४ 18 | द्वादशी ५ 19 | त्रयोदशी ६ 20 |
| चतुर्दशी ७ 21 फागुपूर्णिमा (पहाड) | पूर्णिमा ८ 22 होली (तराई विदा) | प्रतिपदा ९ 23 | द्वितीया १० 24 विश्व क्षयरोग दिवस | तृतीया ११ 25 | चतुर्थी १२ 26 | पञ्चमी १३ 27 |
| षष्ठी १४ 28 | सप्तमी १५ 29 राष्ट्रिय खोप दिवस | अष्टमी १६ 30 | नवमी १७ 31 | दशमी १८ 1 | एकादशी १९ 2 | द्वादशी २० 3 |
| त्रयोदशी २१ 4 | चतुर्दशी २२ 5 | औंशी २३ 6 काठमाडौं उपत्यकामा बिदा, घोडे जात्रा | प्रतिपदा २४ 7 विश्व स्वास्थ्य दिवस | द्वितीया २५ 8 | तृतीया २६ 9 | चौथी २७ 10 |
| पञ्चमी २८ 11 | षष्ठी २९ 12 | सप्तमी ३० 13 | व्रतबन्ध मुहूर्त : ३, ४, १०, २५ र २८ गते । अन्नप्राशन मुहूर्त : ३, १०, १८ र २५ गते । | | | |

### शिक्षा, युवा तथा खेलकुद महाशाखाले सम्पादन गर्नुपर्ने कार्यहरू: (फागुन)

- स्थानीय पाठ्यक्रम कार्यान्वयनसम्बन्धी शिक्षक सक्षमता विकास कार्यक्रम सञ्चालन गर्ने
- शैक्षिक महोत्सव आयोजना गर्ने
- कक्षा ८ को परीक्षाका सामग्रीहरूको तयारी, प्रकाशन तथा वितरण गर्ने
- प्रत्येक विद्यालयले सञ्चालन गरेको सिकाइ सहजीकरण कार्यको अनुगमन गर्ने
- विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धिका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने
- २८ गते आधारभूत तहको लोक सांस्कृतिक कार्यक्रम (Budhanilkantha Little Champ सञ्चालन गर्ने
- सार्वजनिक बिदा : ८ दिन

### विद्यालयले सम्पादन गर्नुपर्ने कार्यहरू: (फागुन)

- कक्षा थपका लागि फाइल पेस गर्ने
- एसईईको नियमित समूहका परीक्षार्थीहरूको प्रयोगात्मक फारम भर्ने र परीक्षा शुल्क (राजश्व) जम्मा गर्ने
- राष्ट्रिय परीक्षा बोर्डले प्रकाशन गर्ने सूचनाअनुसार कक्षा ११ र १२ को परीक्षा आवेदन फारम भराउने
- कक्षा ८, एसईई तथा कक्षा ११ र १२ को परीक्षा केन्द्र तोकिएका विद्यालयहरूले परीक्षा केन्द्रका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने
- विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धिका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने
- संस्थागत विद्यालयहरूले शुल्क प्रस्ताव पेस गर्ने
- कक्षागत र विषयगत रूपमा कमजोर सिकाइस्तर भएका विद्यार्थी पहिचान गरी उपचारात्मक शिक्षण सञ्चालन गर्ने
- २८ गते आयोजना हुने आधारभूत तहको लोक सांस्कृतिक कार्यक्रम (Budhanilkantha Little Champ) मा सहभागी हुने
- विद्यालय सञ्चालन : २२ दिन

### शैक्षिक उन्नयन वर्ष २०८३ का प्रमुख कार्यक्रमहरू:

१. सामुदायिक विद्यालयबाट एसईईमा ४ जिपिए प्राप्त गर्ने विद्यार्थीलाई रु. १ लाख र विद्यालयलाई रु. ५ लाख प्रोत्साहन प्रदान गरिने छ ।
२. प्रत्येक विद्यार्थीको न्यूनतम सिकाइ उपलब्धि ६० प्रतिशत कायम गरिने छ । न्यूनतम ६० प्रतिशत औषत सिकाइ उपलब्धि हासिल गराउने शिक्षकलाई विशेष प्रोत्साहन रकम प्रदान गरिने छ ।
३. शिक्षक डायरीको पूर्ण कार्यान्वयन र मूल्याङ्कन गरी उत्कृष्ट शिक्षक पहिचान गरेर प्रोत्साहन रकम प्रदान गरिने छ ।
४. कक्षा ५ र ८ मा नगरस्तरीय विद्यार्थी मूल्याङ्कन गरिने छ ।
५. सबै सामुदायिक विद्यालयमा डिजिटल स्कुल र पुस्तकालय स्थापना गरी सञ्चालन गरिने छ ।
६. विद्यालयको बालविकास केन्द्र र कक्षा १ लाई आदर्श कक्षाको अवधारणामा विकास गरिने छ ।
७. विद्यालय ब्रान्डिङ गरिने छ ।
८. गरिखाने शिक्षाको कार्यान्वयन गरिने छ ।
९. विद्यालयको नेतृत्वमा संस्कृति र सामाजिक मूल्यको प्रवर्धन गरिने छ ।
१०. बुढानीलकण्ठमा बसौं, बुढानीलकण्ठमा पढौं कार्यक्रम सञ्चालन गरी बुढानीलकण्ठलाई शैक्षिक हबको रूपमा प्रवर्धन गरिने छ ।
११. मेरो वडा, मेरो अभिभावक कार्यक्रम सञ्चालन गरिने छ ।

### शिक्षा, युवा तथा खेलकुद महाशाखाले सम्पादन गर्नुपर्ने कार्यहरू: (चैत)

- कक्षा ८ को परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्ने
- संस्थागत विद्यालयको शुल्क निर्धारण गर्ने
- "१००% Plus Learning" कार्यक्रमको सूचकको आधारभूत समिक्षा गर्ने
- शिक्षक सक्षमता विकास अभियान सञ्चालन गर्ने
- विद्यालय तहबाट सञ्चालित वार्षिक परीक्षा लगायत एसईई परीक्षाको अनुगमन गर्ने
- प्रधानाध्यापकहरूसँग वैकल्पिक माध्यमको उपयोग गरी अन्तरक्रिया गर्ने
- सार्वजनिक बिदा : ५ दिन

### विद्यालयले सम्पादन गर्नुपर्ने कार्यहरू: (चैत)

- शिक्षण सिकाइ सम्बन्धी प्रगति विवरण तयार गरी शिक्षा, युवा र खेलकुद महाशाखामा पेस गर्ने
- वार्षिक परीक्षाको सञ्चालन तथा नतिजा प्रकाशन गर्ने
- शिक्षक सक्षमता विकास अभियानमा सहभागी हुने
- राष्ट्रिय परीक्षा बोर्डले प्रकाशन गर्ने सूचनाअनुसार कक्षा ११ र १२ को प्रयोगात्मक परीक्षा सञ्चालन गरी प्राप्ताङ्क पठाउने
- नयाँ शैक्षिक सत्रका लागि शैक्षिक क्यालेण्डर निर्माण गर्ने
- विद्यालय सञ्चालन : २५ दिन

### विद्यालयले शैक्षिक सत्र २०८३ मा पूरा गर्नुपर्ने शैक्षिक गुणस्तर मापदण्डहरू :

- कम्तीमा पूर्वप्राथमिक शिक्षा र कक्षा १ सम्म बालमैत्री शिक्षाको कार्यान्वयन
- विद्यालयमा पर्याप्त कक्षाकोठा, स्वच्छ पिउने पानी, शौचालय, पुस्तकालय, प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला र दिवाखाजाको व्यवस्था
- कक्षागत र विषयगत रूपमा शिक्षक दरबन्दीको प्रबन्ध
- प्रत्येक शिक्षक शिक्षण विषयवस्तु, शिक्षण विधि र सूचना प्रविधिको प्रयोगमा सक्षम हुनुपर्ने
- कक्षा शिक्षणमा परियोजना कार्य, निरन्तर विद्यार्थी मूल्याङ्कन र शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्ने
- प्रत्येक हप्ता रमाईलो शुक्रवार कार्यक्रम संञ्चालन गर्ने
- कक्षा ८, एसईई र कक्षा १२ को परीक्षामा तत् तत् तहमा कम्तिमा १/१ जना विद्यार्थीले A+ र २/२ जना विद्यार्थीले A ग्रेड प्राप्त गरेको हुनुपर्ने ।
- कक्षा पाँच र यसभन्दा माथिल्लो कक्षा अध्ययन गर्ने प्रत्येक विद्यार्थीलाई प्रत्येक वर्ष कम्तिमा २ घण्टाको सामुदायिक कार्य (Community Work) गराएको सुनिश्चित गर्ने ।
- प्रत्येक विद्यालय कम्तीमा "ग वर्गमा स्तरीकृत हुनुपर्ने ।

**विशेष आवश्यकता भएका बालबालिकाको लागि विशेष सिकाइ अवसरको सिर्जना गरौं ।**